# चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिम चिकित्सा शिक्षा आयोगको उपाध्यक्षको नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न ऐनको दफा २३ को उपदफा (१) बमोजिम लोक सेवा आयोगको अध्यक्षको संयोजकत्वमा गठित सिफारिस समितिले नेपाल सरकार समक्ष चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न सोही ऐनको दफा २३ को उपदफा (३) अनुसार यो कार्यविधि बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:-

(क) "आयोग" भन्नाले ऐनको दफा ५ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले "चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले ऐनको दफा २३ को उपदफा (१) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले ऐनको दफा २३ को उपदफा (१) को खण्ड (क) बमोजिमको सिफारिस समितिको संयोजक सम्झनु पर्छ ।

३. <u>बैठक र निर्णय प्रक्रियाः</u> समितिको बैठक र निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरबाट प्रमाणित भएको हुनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

४. <u>नियुक्तिका लागि सिफारिस गर्न अवलम्बन गर्ने प्रक्रियाः</u> (१) समितिले प्रतिष्पर्धाका आधारमा देहाय बमोजिम छनौट प्रक्रिया अवलम्बन गरी उपाध्यक्षको पदमा नियुक्तिका लागि नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(क) सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको विवरण सहितको दरखास्त माग गर्ने,

(ख) प्राप्त दरखास्त उपर छानविन गरी स्वीकृत भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ग) दरखास्त स्वीकृत भएका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) व्यावसायिक कार्ययोजना सहितको सोचपत्र प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) अन्तर्वार्ता लिने ।

(२) उम्मेद्वारको अनुभव, व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन, व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्तामा प्राप्त सवै अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमका आधारमा तीन जनाको नाम नियुक्तिका लागि नेपाल सरकारमा सिफारिस गर्नेछ ।

५. <u>उम्मेद्वारको योग्यताः</u> उपाध्यक्ष पदको लागि दरखास्त पेश गर्न देहायको योग्यता भएको हुनु पर्नेछः-

(क) ऐनको दफा २४ को उपदफा (१) को खण्ड (क) बमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्सा शास्त्रको कुनै पनि विधामा कम्तीमा वीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको,

(ख) ऐनको दफा २४ को उपदफा (१) को खण्ड (ख) बमोजिम शिक्षण संस्थाका बहालवाला वा अवकाश प्राप्त उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक वा चिकित्सा शिक्षा विज्ञको रूपमा ख्याति प्राप्त गरेको,

(ग) राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा २४ को उपदफा (१) को खण्ड (ग) बमोजिम सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) चिकित्सा शिक्षाको क्षेत्रमा निजी स्वार्थ नभएको,

(च) उच्च नैतिक चरित्र कायम गरेको,

(छ) ऐनको दफा २५ बमोजिमको अयोग्यता नभएको ।

६. <u>उपाध्यक्ष पदमा नियुक्ति हुनका लागि अयोग्यताः</u> ऐनको दफा २५ बमोजिम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्ति हुनका लागि देहायको अयोग्यता नभएको हुनुपर्नेछ;

(क) गैर नेपाली नागरिक,

(ख) दामासाहीमा परेको,

(ग) मानसिक सन्तुलन ठीक नभएको,

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरुपयोग, जवरजस्ती करणी वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्षको अवधि पुरा नभएको,

(च) पैंतालीस वर्ष उमेर पूरा नभएको,

(छ) नेपालको संविधानको धारा २९१ बमोजिम नियुक्ति हुन अयोग्य भएको,

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

७. दरखास्त माग गर्नेः (१) समितिले उपाध्यक्ष पदको लागि योग्य उम्मेदवारको दरखास्त आव्हान गर्न १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका, मन्त्रालय र आयोगको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

(३) उम्मेदवारले दरखास्तसाथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नु पर्नेछः-

(क) नियुक्ति हुन चाहेको पदको वेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव खुल्ने प्रमाण कागजात,

(ङ) सम्वन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्वन्धित संस्थाको प्रमाणित कागजातहरू,

(च) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(छ) दरखास्त दिने अन्तिम मितिसम्म पैतालीस वर्ष पुरा भई पैसट्ठी वर्ष उमेर ननाघेको वेहोरा खुलेको प्रमाण,

(ज) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ,

(झ) दरखास्त दिने पदसँग सम्वन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(ञ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्वःघोषणा,

(ट) दरखास्त दस्तुर तिरेको रसिद ।

(४) उम्मेदवारले दरखास्त दस्तुर बापत रु. ५०००/- (पाँच हजार) बुझाउनु पर्नेछ ।

८. <u>व्यावसायिक कार्ययोजनासहितको सोचपत्र पेश गर्नुपर्नेः</u> (१) उम्मेदवारले दरखास्तसाथ व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पेश गर्नुपर्ने छ। यस व्यावसायिक कार्ययोजनासहितको सोचपत्रमा चिकित्सा शिक्षा आयोगको अवधारणा, चिकित्सा शिक्षा क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसर एवम् भावी रणनीतिक योजनासमेत समावेश गरिएको हुनुपर्ने छ । उल्लिखित व्यावसायिक कार्ययोजनासहितको सोचपत्र यस कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहित नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरी तीन प्रति पेश गर्नु पर्नेछ ।

(२) पेश गरेको व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनु पर्नेछ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनु पर्नेछ ।

(३) व्यावसायिक कार्ययोजना सहितको सोचपत्र खाम भित्र राखी शिलबन्दी गरिएको हुनुपर्नेछ ।

(४) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. <u>छनौट विधिः</u> समितिले योग्य उम्मेदवार छनौट गर्न दरखास्तसाथ प्राप्त कागजात विवरण छानबिन गरी देहायका विधिहरु अवलम्बन गर्नेछः-

(क) अनुभव वापतको अङ्क गणना,

(ख) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन,

(ग) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण,

(घ) अन्तर्वार्ता ।

१०. <u>मूल्याङ्कनका आधारहरुः</u> (१) उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिने छः-

| | |
|---|---|
| क. <u>अनुभव</u> — प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणी वा सो भन्दा माथिको पदमा २० वर्ष भन्दा बढी समयको कार्य अनुभव वापत प्रतिवर्ष दुई अङ्कका दरले बढीमा २० अङ्क र सो भन्दा मुनिको पदमा २० वर्ष भन्दा बढी समयको कार्य अनुभव वापत प्रतिवर्ष एक अङ्कका दरले बढीमा २० अङ्क | २० अङ्क |
| ख. <u>व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन</u><br>(अ) आयोगको अवधारणा- ५ अङ्क | ४० अङ्क |



नेपाल सरकार चिकित्सा शिक्षा आयोग

| | |
|---|---|
| (आ) चिकित्सा शिक्षा आयोगको व्यावसायिक कार्ययोजना सहितको सोचपत्र - १५ अङ्क<br>(इ) चिकित्सा शिक्षा क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसर - १० अङ्क<br>(ई) भावी रणनीतिक योजना १० अङ्क | |
| ग. व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण | २० अङ्क |
| घ. अन्तर्वार्ता | २० अङ्क |
| जम्मा (एक सय मात्र) | १०० अङ्क |

(२) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढि र न्यूनतम ४०% भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनुपर्नेछ । प्रस्तुतीकरण तथा अन्तर्वार्ता समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७०% भन्दा बढि र ४०% भन्दा कम अङ्क प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ। बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ।

(३) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणका लागि ३५ मिनेटको समय दिइनेछ । यस मध्ये २० मिनेट प्रस्तुतीकरण र १५ मिनेट प्रश्न उत्तर समय हुनेछ ।

(४) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क प्रस्तुतीकरण र अन्तर्वार्ता समितिका संयोजक तथा सदस्यहरुले छुट्टाछुट्टै फाराममा अङ्क दिई औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(५) उपदफा (१) को देहाय (क) को अनुभवको श्रेणीगत समकक्षता निर्धारण सम्बन्धमा प्रचलित कानून र व्यवस्था बमोजिम स्पष्ट रुपमा श्रेणी उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(६) उपदफा (५) भन्दा फरक भएमा अनुभवको श्रेणीगत समकक्षता निर्धारण सम्बन्धमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

११. <u>व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन</u>: व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन विधि यस कार्यविधि अनुसार हुनेछ ।

१२. <u>संक्षिप्त सूची प्रकाशन गर्ने</u>: (१) उपाध्यक्ष पदमा तोकिएको समयभित्र पेश हुन आएका दरखास्तको आधारमा कार्यविधिको दफा १० को उपदफा (१) को खण्ड (क) र (ख) अनुसार मूल्याङ्नमा प्राप्त गरेको अङ्कको आधारमा सवैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा दश जना उम्मेदवारको वर्णानुक्रमानुसारको संक्षिप्त सूचि (Short List) व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दश जना भन्दा कम उम्मेदवारको आवेदन परेमा उपदफा (१) बमोजिमको संक्षिप्त सूची (Short List) प्रकाशन गरिने छैन ।

१३. <u>नियुक्तिका लागि सिफारिस</u>: (१) समितिले उम्मेदवारको अनुभव, व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन, व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

औषत अङ्कका आधारमा योग्यताक्रमानुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार मध्येबाट उपलब्ध भएसम्म तीन जनाको नाम नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सिफारिस गर्ने कार्य लोक सेवा आयोगको स्थापित विधि र प्रक्रिया बमोजिम हुनेछ ।

१४. विषय विज्ञ वा दक्षको सहयोग लिन सक्नेः (१) समितिले दरखास्तको स्वीकृति सम्बन्धी कार्य, व्यावसायिक कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि समितिले विषय विज्ञ वा दक्षको सूची तयार गर्नेछ ।

(३) समितिले तयार गरेको विषय विज्ञ वा दक्षको सूचीबाट संयोजकले विषय विज्ञ वा दक्षको मनोनयन गर्नेछ ।

१५. दरखास्त रद्द वा पुनः आव्हान गर्न सक्नेः (१) उपाध्यक्ष पदमा पाँच जना भन्दा कम संख्यामा दरखास्त परेमा समितिले ७ (सात) दिनको म्याद दिई पुनः दरखास्त आव्हान गर्नेछ । यसरी पुनः दरखास्त आव्हान गर्दा समेत पाँच भन्दा कम संख्यामा दरखास्त परे पनि प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) प्राप्त दरखास्तमध्ये रीत नपुगी आएका तथा गलत वा झुट्टा कागजपत्र पेश गरेको उम्मेदवारको दरखास्त समितिले जुनसुकै चरणमा रद्द गर्नेछ ।

१६. खर्चसम्बन्धी व्यवस्थाः समितिको बैठक तथा छनोट सम्बन्धी व्यवस्थापकीय खर्च लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०८२ तथा समितिको निर्णय बमोजिम चिकित्सा शिक्षा आयोगले व्यवस्था गर्नेछ ।

१७. सचिवालयः (१) समितिको सचिवालय चिकित्सा शिक्षा आयोगमा रहनेछ ।

(२) समितिका लागि आवश्यक कर्मचारी सचिवालयले व्यवस्था गर्नेछ ।

१८. कागजपत्रको संरक्षणः (१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरू सचिवालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

१९. कार्यविधिमा हेरफेरः समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२०. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा समितिको निर्णय बमोजिम हुनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

अनुसूची –१

दरखास्तको लागि आवेदनको ढाँचा

(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्वन्धित )

मिति:. ......................

श्रीमान् संयोजकज्यू,
चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस समिति ।

विषयः <u>दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा</u> ।

महोदय,

चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस समितिबाट मिति ................................... मा प्रकाशित सूचनाबमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु;

उम्मेदवारको नाम, थर:

जन्म मिति:

आमाको नाम, थर:

बाबुको नाम, थर:

बाजेको नाम, थर:

स्थायी ठेगाना:

प्रदेश: जिल्ला:

गाउँपालिका/नगरपालिका: वडा नम्बर:

मोबाइल नं:

ईमेल ठेगाना:

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

शैक्षिक योग्यता सम्बन्धी विवरण

| शैक्षिक संस्थाको नाम, ठेगाना | उपाधि | अध्ययन बर्ष | | श्रेणी/ प्रतिशत/ GPA | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुभव सम्बन्धी विवरण

| संस्था/निकायको नाम, ठेगाना | पद | कार्यरत अवधि | | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विवरण ठीक साँचो छ । झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको दस्तखत:

मिति:

ल्याप्चे सहीछाप

| दायाँ | बाँया |
|---|---|
| | |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

अनुसूची-२

## उम्मेदवारको स्व-घोषणा

(दफा ७ को उपदफा (३) को खण्ड (झ) सँग सम्वन्धित)

### विषय :स्वःघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु;

| | छ | छैन |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | | |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको, | | |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | | |
| (घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य भएको, | | |
| (ङ) चिकित्सा शिक्षाको क्षेत्रमा कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको । | | |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको

हस्ताक्षरः.......................................................

नाम, थर-: ...............................................................

ठेगाना-: ...............................................................

सम्पर्क नम्बरः.........................................................

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

अनुसूची-३

## व्यावसायिक कार्ययोजना सहित सोचपत्रको पहिलो पृष्ठ

(दफा ८ को खण्ड (ग) सँग सम्बन्धित)

प्रथम संकेत नं:

प्रथम संकेत नं:

दोस्रो संकेत नं:

उम्मेदवारको नाम, थर:

दोस्रो संकेत नं:

आमाको नाम, थर:

बाबुको नाम, थर:

बाजेको नाम, थर:

ठेगाना:

व्यावसायिक कार्ययोजना पेश गरेको पद:

दस्तखत:

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर